


# कार्ल अङ्कलको पुरानो गाडी

Obai Al-Alloush

Radwa Askar

Let's Read

The Asia Foundation



केन हरेक दिन स्कुल जाँदा कार्ल अङ्कललाई बाटामा भेटिन्छ कि भनेर डराउँछन्। आफ्नो थोत्रो गाडी स्टार्ट गर्दै गरेका अङ्कल कार्लले उनलाई भेटे भने इन्जिन स्टार्ट गर्न लागाउँछन्। त्यो गाडी सजिलै स्टार्ट हुँदैन। अनि त्यसलाई ठेल्न धेरैजना ठिटाहरूको मद्दत चाहिन्छ।



यो गाडी कार्ल अङ्कलको लागि सम्पत्ति जस्तै हो। कहिलेकाहीँ उनी भन्छन्, मेरो गाडी र म दुवै बुढा भइसक्यौँ। जब कार्ल अङ्कल गाडीमा बसेर स्टार्ट गर्छन्, उनी पुरानो ब्ल्याक एण्ड ह्वाइट फिल्मको पात्र जस्ता देखिन्छन्।





एक दिन, केनले मेकानिक मार्कले, यो गाडी त जादूले नै चलेको छ, भनेको सुने। यस गाडीमा ईन्धन् बाल्न बिजुली कहाँवाट जान्छ थाहै छैन, र यसका तेलदानी र ईन्जिन चिस्याउन पानी राख्ने ठाउमा पनि खिया लागिसकेको छ।



यो कार देख्दा मलाई फ्रान्समा आविष्कार भएको सबैभन्दा पुरानो गाडीको याद आँउछ, जसमा वाफको इन्जिन र तीनवटा चक्का थिए। कस्तो गज्जबको गाडी थियो त्यो! त्यसपछि जर्मनीका मिस्टर बेन्जले तेलले चल्ने गाडी बनाएका थिए। त्यो गाडी त एउटा क्रान्ति नै थियो नि!



कुनै ठूलो कम्पनीले कुनै बेला कार्ल अङ्कल को गाडी किन्न खोजेको थियो, तर उनले नाई भनिदिए। उनलाई जति पैसा दिए पनि उनले त्यो गाडी बेचेनन्, र रिसाएर भने, “म मेरो साथी कसरी बेच्न सक्छु?”




तर मलाई डर लागिराखेको छ, अहिले आएर भने आर्थिक संकट अनि पैसा चाहिएकै कारण कार्ल अङ्कलले आफ्नो गाडी बेच्लान् कि जस्तो पो छ!



यो सुनेर केन एकदम दुःखी भए, र आफूले सकेसम्म जे गरेर भएपनि कार्ल अङ्कल लाई मद्दत गर्न अठोट गरे। उनले कार्ल अङ्कल लाई के कस्तो भयो भनेर आफ्नो बुवालाई भने। तर केनको बाबाले आफूले भर्खरै नयाँ सरसामान किनेको, र त्यसमा उनको धेरै पैसा खर्च भएकोले कार्ललाई मद्दत गर्न नसक्ने बताए र माफी मागे।



त्यसपछि उनले आफ्नो धनी छिमेकी मिस्टर ब्लेरलाई सम्झे तर मिस्टर ब्लेरले त उनीहरूको यो समस्यालाई मतलब नै गरेनन्।



त्यसपछि केनले आफ्ना साथीहरूलाई सोधे। उनीहरूलाई अङ्कल कार्ललाई मद्दत गर्ने कुरा मन पर्‍यो, र अङ्कल कार्लले आफ्नो गाडी बेच्न नपरोस् भनेर उनीहरूले केही गर्ने भए।



जनताको योगदान साँच्चै ठूलो थियो। सबैजनाको मद्दतले अङ्कल कार्लको समस्या समाधान भयो, र उनले सबैजनालाई धन्यवाद दिए।



समाप्त !

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*Uncle Carl and His Antique Car*, Author: Obai Al-Alloush. Illustrator: Radwa Askar. Published by Asafeer, © Asafeer. Released under CC-BY-NC-SA-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2021. Some rights reserved. Released under CC-BY-NC-SA-4.0.
Contributing translators: Suresh Ghimre and Aditi Adhikari